आज मिति २०७७ साल जेष्ठ ९ गते यस सत्यवती गाउँ कार्यपालिकाको बैठक अध्यक्ष श्री पारिश्वर ढकालको अध्यक्षतामा तपशीलको उपस्थितिमा बसी तपशील बमोजिमको निर्णय गरियो ।

उपस्थिति

अध्यक्ष- श्री पारिश्वर ढकाल

उपाध्यक्ष- श्री सुवर्ण शाही शेरचन

सदस्य- श्री भीमलाल पाण्डे

सदस्य- श्री दधिराम कुँवर क्षेत्री

सदस्य- श्री विष्णुप्रसाद भण्डारी

सदस्य- श्री ओमप्रकाश भण्डारी

सदस्य- श्री दानबहादुर राना

सदस्य- श्री लोक बहादुर बुढाथोकी

सदस्य- श्री सन्त कुमार थापा ————

सदस्य- श्री हरिप्रसाद वि.क.

सदस्य- श्री रुकबहादुर राना

सदस्य- श्री मिना दमाई

सदस्य- श्री होमबहादुर भुजेल

सदस्य- श्री तेजकुमारी थापा ————

सदस्य- श्री मनमाया थापा————

सदस्य- श्री नरमाया थापा राना

सचीव- श्री यादव भण्डारी

**बैठक संख्या:२२ ख/२०७६-७७** **मिति: २०७७/02/09**

**प्रस्तावहरु:**

**प्रस्ताव नं.1:** कोरोना रोकथाम नियन्त्रण सम्बन्धमा।

**प्रस्ताव नं.२:** विपदका थप घर निर्माण सम्बन्धमा।

**प्रस्ताव नं.३:** पार्किङ स्थान तोक्ने सम्बन्धमा।

**प्रस्ताव नं.४:** प्रारम्भिक अधिकृत तोक्ने सम्बन्धमा।

**प्रस्ताव नं.५:** स्थानीय तह सेनिटरी प्याड वितरण तथा व्यवस्थापन समितिको गठन सम्बन्धमा।

**प्रस्ताव नं.६:** विपद पीडित चन्द्र बिकको आवास निर्माण वापत भुक्तानी दिने सम्बन्धमा।

**निर्णयहरु:**

**निर्णय नं.१:** विश्वभर महाव्याधीको रुपमा फैलिएको कोरोना भाइरस (कोभिड-१९) को रोकथाम तथा नियन्त्रणका लागि तपशील बमोजिमका कार्य गर्ने निर्णय गरियो।

- छिमेकी मुलुक भारत लगायतका स्थानबाट गाउँपालिकामा आउने नागरिकलाई अनिवार्य क्वारेन्टाइनमा राख्ने।
- प्रत्येक वडाभित्रका टोल-टोलमा क्वारेन्टाइनको व्यवस्था मिलाउने।
- क्वारेन्टाइनमा बस्ने नागरिकले आफुले प्रयोग गर्ने बिस्तारा घरबाटै ल्याउने।
- क्वारेन्टाइनमा बस्ने नागरिकलाई खानाको व्यवस्था निजको घरबाटै हुने व्यवस्था मिलाउने।
- यदि कुनै क्वारेन्टाइनमा सोही स्थानमा पकाएर खाने व्यवस्था मिलाएमा रासनको व्यवस्था गाउँपालिकाले मिलाउने।
- सेनिटाइजर, मास्क, थर्मल गन, फिनेल, साबुन, लगायतका स्वास्थ्य सामाग्री खरिद गरी आवश्यकता अनुसार वितरण गर्ने।
- प्रत्येक क्वारेन्टाइनमा स्वयमसेवक परिचालन र चिया खाजाका लागि समेत गरी बढीमा रु.1200/- रुपैयाँ र क्वारेन्टाइनमा बस्ने व्यक्तिलाई चिया, खाजा एवम् अन्य मसलन्द खर्चका लागि प्रतिव्यक्ति व्यवस्थापन खर्च रु.100/- रुपैयाँ टोल स्तरीय कोरोना भाइरस रोकथाम तथा नियन्त्रण समिति वा क्वारेन्टाइन व्यवस्थापन समितिलाई उपलब्ध गराउने।

**निर्णय नं.2:** गत वर्षको श्रावण ७ गते सत्यवती गाउँपालिकामा गएको पहिरोमा परी क्षतिग्रस्त आवासको पुनर्निर्माणका लागि वडा नं.३ का लागि 10 वटा घर र वडा नं.4 का लागि 2 वटा घरका लागि प्रदेश अन्तर्गत सहरी डिभिजन कार्यालय पाल्पालाई सिफारीस गर्ने निर्णय गरियो।

**निर्णय नं.३:** सत्यवती गाउँपालिकाको केन्द्र जोहाङ्ग, खैरेनी स्थित बजार क्षेत्रमा यातायातका सवारी साधनहरुलाई यत्र तत्र राख्दा अव्यवस्थित हुनुका साथै एम्बुलेन्स लगायतका अत्यवाश्यकीय यातायातका साधनहरुलाई समेत आवागमनमा परेको कठिनाइलाई मध्यनजर गर्दा खैरेनीस्थित हाटबजार क्षेत्र र गाउँपालिकाको प्रशासनिक भवन निर्माणस्थललाई पार्किङ स्थल तोक्ने निर्णय गरियो।

**निर्णय नं.४:** सत्यवती गाउँपालिका वडा नं.६ खानेपानी समिति, जोहाङको स्वामित्वमा रहेको सत्यवती गाउँपालिका वडा नं.6 मा कित्ता नं.411 क्षेत्रफल 8-10-2-13 जग्गा मध्ये ६ रोपनी जग्गा गाउँ कार्यपालिकाको कार्यालयको प्रशासनिक भवन निर्माण लगायतको कामको लागि निशुल्क उपलब्ध गराउने गरी भएको सम्झौता बमोजिम उक्त जग्गालाई प्राप्ति गर्ने प्रयोजनका लागि जग्गा प्राप्ती ऐन, 2034 को दफा ३(क) अनुसार नेपाल सरकार, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई अनुरोध गर्ने निर्णय गरियो।र सो सम्बन्धी आवश्यक कार्य गर्नका लागि सत्यवती गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत यादव भण्डारीलाई प्रारम्भिक अधिकृत तोक्नका लागि सिफारीस गर्ने समेत निर्णय गरियो।

**निर्णय नं.५:** सेनिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, 2076 को दफा १४ बमोजिम सत्यवती गाउँपालिकाका सामुदायिक विद्यालयका छात्राहरुको लागि सेनिटरी प्याड वितरण तथा व्यवस्थापन कार्यमा आवश्यकतानुसार समन्वय, सहजीकरण र अनुगमन गर्न देहाय बमोजिमको एक सत्यवती गाउँपालिका स्तरीय सेनिटरी प्याड वितरण तथा व्यवस्थापन समिति गठन गरियो।

**तपशील**

संयोजक - सुवर्ण सेरचन शाही, उपाध्यक्ष, सत्यवती गाउँपालिका

सदस्य - नरमाया थापा, कार्यपालिका सदस्य

सदस्य - लक्ष्मी भण्डारी, विद्यालय सम्पर्क व्यक्ति

सदस्य - हरिकला परियार, विद्यालय सम्पर्क व्यक्ति

सदस्य - रनमाया थापा, स्वास्थ्य सह-संयोजक

सदस्य - रुपा पाण्डे, विद्यालय सम्पर्क व्यक्ति

सदस्य - प्रमिला पछाई

**निर्णय नं.६:** सत्यवती गाउँपालिका वडा नं.4 निवासी चन्द्र बि.क.ले संघीय आयोजना कार्यान्वयन इकाइबाट जनता आवास कार्यक्रम अन्तर्गत आवास निर्माण गरिरहेकोमा मिति 2076/04/07 गते गएको पहिरोमा परी उक्त निर्माणाधीन घर बगाएको भन्ने बुझिएकोमा निजलाई सत्यवती गाउँपालिकाको तर्फबाट आवास निर्माण गर्नका लागि (क) वर्गमा यस अघि नै छनौट गरी सकिएकोमा निजको आवास तयार भएपछि पूरा रकम भुक्तानी दिने निर्णय गरियो।साथै गाउँपालिकाको अनुदानमा आवास तयार गर्न लाभग्राहीमा छनौट भएका व्यक्तिले

नयाँ आवास नबनाएर कुनै घर खरिद गर्न इच्छुक भएमा वा घर मर्मत गर्न चाहेमा सो कार्यलाई समेत सहजीकरण गर्ने निर्णय गरियो।